# स्थानीय राजपत्र

चामुण्डाविन्द्रासैनी नगरपालिकाद्वारा प्रकाशित

खण्ड २ (संख्या ४८) वैशाख १० गते २०७६ साल

चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर सभा मिति २०७५ चैत्र २८ गते स्वीकृत भएको देहाय बँमोजिमको शिक्षा ऐन स्थानीय सरकार सँचालन ऐन ,२०७४ बँमोजिम सर्वसाधारणहरुको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग-१

## नगर शिक्षा ऐन - २०७५

**प्रस्तावना :**

चामुण्डा विन्द्रासैनी नगरपालिकाको क्षेत्र भित्र आधारभुत तथा माध्यामिक शिक्षालई व्यवस्थीत बनाई आधुनिक युगमा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने र शिक्षा आर्जन गरे पश्चात आत्मनिर्भर, स्वाभिमानी, श्रमप्रति समर्पित आर्थिक रुपमा सक्षम जनशक्ति तयार गर्ने र शिक्षा क्षेत्रमा यस नगरमा देखिएको अन्यौलता तथा अव्यवस्थित शैक्षिक स्थितिलाई स्थानीय तहवाटै सुधार गर्न वाञ्छनीय भएकाले, चामुण्डा विन्द्रासैनी नगरपालिकाले नेपालको संविधान को धारा २२६ बमोजिम अधिकार प्रयोग गरी यो ऐन बनाई लागु गरेको छ ।

### परिच्छेद -१

### प्रारम्भिकी

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ :** (१) यस ऐनको नाम "नगर शिक्षा ऐन-२०७५" रहेको छ ।

२. यो ऐन चामुण्डा विन्द्रासैनी नगरपालिकाभर लागु हुनेछ ।

३. यो ऐन चामुण्डा विन्द्रासैनी नगरपालिकाको नगरसभाले पास गरी स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि प्रारम्भ हुनेछ ।

परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा ,-

क) "आधारभुत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

ख) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाऱ्ह कक्षा सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

ग)"नगरपालिका" भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिका सम्झनु पर्छ ।

घ) "विशेष शिक्षा" भन्नाले शारीरिक र मानसिक रुपले अशक्त र अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखि निश्चित माध्यमवाट दिइने शिक्षा लाई सम्झनु पर्दछ ।

ङ) "विद्यालय शिक्षा" भन्नाले आधारभुत र माध्यमिक शिक्षा दुवैलाई सम्झनु पर्दछ ।





च) "प्राविधिक तथा व्यवशायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान सीप तथा विषयवस्तुको सिकाई र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाऱ्ह कक्षा सम्म अध्यापन गराईने शिक्षा सम्झनु पर्छ ।

छ) "सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नेपाल सरकारबाट नियमित अनुदान प्राप्त गर्ने गैर नाफामुलक विद्यालयलाई सम्झनु पर्छ । स शब्दले धार्भिक विद्यालय समेतलाई जनाउँदछ ।

ज) "संस्थागत विद्यालय" भन्नाले नीजि पहलमा स्थापना भएका नेपाल सरकारवाट अनुदान प्राप्त नगर्ने विद्यालयलाई जनाउँदछ ।

झ) "सहकारी विद्यालय" भन्नाले सहकारी संस्थाको पहलमा खोलिएका कानून बमोजिम सञ्चालन अनुमति प्राप्त विद्यालय सम्झनु पर्दछ ।

ञ) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्दछ ।

ट) "तोकिएको" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको कुरालाई म्झनु पर्दछ ।

ठ) "अनुमति" भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृति प्रदान गरी नसकेको कुनै ठाँउ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँदछ ।

ड) "निशुल्क शिक्षा" भन्नाले तोकिएको शिर्षकहरुमा कुनै शुल्क लिन नपाउने गरी स्थापन गरिएको शिक्षा सम्झनु पर्दछ । यो व्यवस्थाले नेपालको संविधानको धारा ३९ को उपधारा २ बमोजिम बालबालिकाको शिक्षाको लागि परिवारको दायित्व तोक्ने गरी नगरपालिकाले कानून बनाउन बन्देज लगाएको मानिने छैन ।

ढ) "आवाशिय विद्यालय" भन्नाले नेपाल सरकार वा नगरपालिकावाट आवाशिय विद्यालयको रुपमा स्वीकृत प्रदान गरिएको विद्यालयलाई जनाउँदछ ।

ण) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नका लागि कुनै व्यक्तिले नाफा नलिने उद्धेश्यले स्थापना गरेको सार्वजनिक वा नीजि गुठी सम्झनु पर्दछ ।

त) "समावेशी शिक्षा" भन्नाले दृष्टिविहिन, न्यून दृष्टि, बहिरा, सुस्त श्रवण, बौद्धिक, शारिरीक वा अन्य अपाङ्गता भएका बालबालिकाहरु नियमित शैक्षिक पद्धतिको अधिनमा रहि दिईने शिक्षा सम्झनु पर्दछ ।

थ) "प्रमुख" भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ ।

द) "उप-प्रमुख" भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिकाको उप प्रमुख सम्झनु पर्दछ ।

ध) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्दछ । र सो शब्दले निमित्त प्रमुख प्रशासकिय अधिकृतलाई समेत जनाउँदछ ।

न) "स्थानीय शिक्षा अधिकारी" भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिका अन्तर्गत नगरशिक्षा कार्यालय हेर्ने अधिकारीलाई जनाउँदछ ,

प) "नगर शिक्षा समिति" भन्नाले दफा ३ बमोजिम गठित समितिलाई जनाउँदछ ।

फ)"अभिभावक शिक्षा माला" भन्नाले नगरपालिकाले अभिभावकका लागि बनाइ

लागु गरेको शिक्षा माला सम्झनु पर्दछ ।

ब) “वडा समिति” भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिकाका सबै वडा जननिर्वाचित सदस्यहरुको वडा समितिलाई सम्झनु पर्दछ ।

भ) “अभिभावक” भन्नाले विद्यालयमा अध्ययनरत बालबालिकाको आमा बावु वा प्रत्यक्ष संरक्षक भई हेरचाह गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

## परिच्छेद - २

## नगर शिक्षा समिति गठन, कार्यपालिका, प्रमुख प्रशासकिय अधिकृत ,स्थानीय शिक्षा अधिकृत, वडा समिति तथा विद्यालय व्यवस्थापन समिति गठन काम, कर्तव्य र अधिकार सम्बन्धि व्यवस्था

**३. नगर शिक्षा समिति** : (१) चामुण्डा विन्द्रासैनी नगरपालिका क्षेत्रभित्र रहेका विद्यालयहरुको सञ्चालन र व्यवस्थापनको लागि देहाय बमोजिमको नगर शिक्षा समिति रहनेछ ।

क) नगरपालिकाको प्रमुख - अध्यक्ष

ख) नगरपालिकाको उपप्रमुख - उपाध्यक्ष

ग) नगरकार्यपालिकाको सामाजिक समितिको संयोजक - सदस्य

घ) नगरकार्यपालिकाले मनोनित गरेको दलित, महिला र जनजाति मध्येवाट तीन जना - सदस्य

ङ) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

च) सामुदायिक विद्यालयका प्रधानाध्यापक (एक महिला सहित) र सामुदायिक विद्यालय व्यवस्थापन समितिका अध्यक्षको सहभागिता हुनेगरी नगर शिक्षा समितिले मनोनित गरेको तीन जना - सदस्य

छ) संस्थागत विद्यालयका प्रधानाध्यापक मध्येवाट एक जना - सदस्य

ज) नगर शिक्षा समितिले मनोनित गरेको (एक महिला सहित) शिक्षाप्रेमी दूईजना - सदस्य

झ) शिक्षक महासंघको नगरस्तरीय अध्यक्ष- सदस्य

ञ) निर्वाचित वडा अध्यक्षहरु मध्येवाट प्रमुखले मनोनित गरेको दुई जना - सदस्य

ट) नगर शिक्षा हेर्ने अधिकारी - सदस्य सचिव

(२) उपदफा (१) अन्तर्गत मनोनित सदस्य तथा अन्य सदस्यले आफ्नो पदिय आचरण अनुसार काम नगरेमा मनोनित गर्ने निकायले जुनसुकै बखत पनि हटाउन सकिनेछ । तर त्यस्ता सदस्यलाई हटाउनु पूर्व निजलाई आफ्नो मनासिव कारण सहित स्पष्टिकरणको मौका दिनु पर्नेछ ।

(३) नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ,

क) शिक्षा सम्बन्धि नगर स्तरीय योजना तर्जुमा गर्ने,

ख) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने,

ग) संघिय तथा प्रदेश कानून बमोजिम प्राप्त शिक्षक तथा कर्मचारीहरुको दरवन्दि मिलान गर्ने ,

घ) सामुदायिक विद्यालयहरुको लेखा परिक्षणका लागि लेखा परिक्षकको सूचीकृत गर्ने र पारिश्रमिक निर्धारण गर्ने ,

ङ) नगरपालिका भित्र रहेका विद्यालयहरुमा हप्तामा अनिवार्य अनुगमन गर्ने गरी तालिका बनाई कार्यान्वयन गर्ने ,





च) सामुदायिक विद्यालयहरुलाई दिइने आर्थिक अनुदानको निर्धारण गरी नगरकार्यपालिकामा सिफारिस गर्ने ,

छ) सम्पूर्ण विद्यालयको अनुगमन गर्ने, अभिलेख राख्न लगाउने र सल्लाह दिने,

ज) विद्यालय व्यवस्थापन समितिको रेखदेख र नियन्त्रण गर्ने,

झ) आधारभुत तथा माध्यामिक तहका शिक्षकहरुको नगर भित्र सरुवा गर्ने,

ञ) सबै तहका स्वयंसेवक शिक्षक नियूक्तिको व्यवस्था गर्ने,

ट) उच्च शिक्षा अध्यायनको लागि छात्रवृत्ति सम्बन्धि कोटाको निर्धारण गर्ने ।

ठ) नगर शिक्षा समितिको अन्य काम, कर्तव्य र अधिकार सम्बन्धि कार्यविधि तोकिए बमोजिम हुनेछ,

**४. प्रमुख प्रशासकिय अधिकृत** : (१) प्रमुख प्रशासकिय अधिकृतको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ,

क) शिक्षा सम्बन्धि नीति, कानून र योजनाको मस्यौदा प्रस्ताव गरी कार्यपालिका र नगरसभामा पेश गर्ने,

ख) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**५. स्थानीय शिक्षा अधिकारी** : (१) शिक्षा अधिकारीको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ,

क) नगर शिक्षा समितिको निर्णयहरु कार्यान्वयन गर्ने,

ख) आधारभुत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन गर्ने,

ग) प्रारम्भिक बालविकास, आधारभुत, माध्यमिक, अनौपचारिक शिक्षा, सिप सिकाई केन्द्र, धार्मिक विद्यालय, विशेष शिक्षा र प्राविधिक लगायत अन्य शिक्षा सम्बन्धि नीति, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मुल्याङ्कन तथा नियमन प्रक्रिया तयार पारी नगर शिक्षा समितिमा पेश गर्ने ,

घ) अनियमित हुने शिक्षक तथा कर्मचारीहरुलाई कारवाही गर्न सिफारिस गर्ने,

ङ) चौमासिक रुपमा प्रोत्साहन पाउने र दण्ड सजाय पाउने शिक्षक कर्मचारीहरुको सूची तथा प्रतिवेदन बनाई नगर शिक्षा समिति समक्ष पेश गर्ने,

च) नगर शिक्षा समिति प्रति उत्तरदायी रहने ,

छ) स्थानीय शिक्षा अधिकारीको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**६. वडा समिति** : चामुण्डा विन्द्रासैनी नगरपालिकाका सबै वडा समितिहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) वडा भित्रका विद्यालय उमेर समुहका बालबालिकाहरु बिद्यालय बाहिर रहेनरहेको खोजविन गरी अभिलेख राखी विद्यालय पठाउन आवश्यक कार्य गर्ने ,

ख) विद्यालय व्यवस्थापन समितिलाई आवश्य निर्देशन दिने ,

ग) वडा भित्रका विद्यालयहरुबीच आवश्यक समन्वय गर्ने

घ) वडा भित्रका विद्यालयहरुमा पठनपाठन निरन्तर भए नभएको अनुगमन गर्ने,

ङ) तोकिए बमोजिम अन्य कार्य गर्ने ।

**७. विद्यालय व्यवस्थापन समिति सम्बन्धि व्यवस्था** : (१) नगरपालिका भित्र रहेका विद्यालयहरुको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

**१) सामुदायिक विद्यालय व्यवस्थापन समितिको गठन** :

क) विद्यालयका अभिभावकहरु मध्येवाट छानी पठाएका कम्तिमा एक महिला सहित चार जना- सदस्य

ख) नगर शिक्षा समितिले मनोनित गरेको शिक्षा प्रेमी स्थानीय व्यक्ति एक जना - सदस्य

ग) वडा समितिले आफुमध्येवाट तोकेको निर्वाचित एक जना - सदस्य

घ) विद्यालयलाई सहयोग गर्ने कार्यमा महत्वपूर्ण भुमिका निर्वाह गरेको स्थानीय विद्यालय संस्थापक स्थानीय शिक्षाप्रेमी, बुद्धिजिवि,चन्दादाता तथा जग्गादाता मध्येवाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेकोएकजना महिला सहित दुई जना - सदस्य

ङ) विद्यालयलका शिक्षकहरुले आफु मध्येवाट छानी पठाएको शिक्षक एक जना - सदस्य

च) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

२) विद्यालय व्यवस्थापन समिति गठनको लागि उपदफा (१) को (१)खण्ड (क) बमोजिम सदस्यहरु छानीएको सात दिन भित्र समितिको जेष्ठ सदस्यको अध्यक्षतामा पहिलो वैठक बसी खण्ड (घ) बमोजिमका सदस्य मनोनयन गरिसक्नुपर्ने छ ।

३) उपदफा (१) को (२) बमोजिम सदस्य मनोनयन गरिसकेपछि पन्ध्र दिन भित्र बैठक बसी उपदफा (१) को (१) (क) र (घ) बमोजिमका सदस्यहरुले आफु मध्येवाट अध्यक्ष चुन्नु पर्ने छ ।

४) उपदफा (३) बमोजिमको अवधिभित्र बैठकले अध्यक्ष छान्न नसकेमा प्रधानाध्यापकले समयावधि समाप्त भएको दश दिन भित्र सो व्यहोराको प्रतिवेदन सहित नगर शिक्षा समितिमा पेश गर्नु पर्ने छ र प्रतिवेदन प्राप्त भए पछि उपदफा (१) को (१) खण्ड (क) र (घ) बमोजिमका सदस्यहरु मध्येवाट नगर शिक्षा समितिले अध्यक्ष छान्नु पर्नेछ ।

५) उपदफा (१) बमोजिम गठित विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ,

क) विद्यालय सञ्चालनको लागि प्राप्त श्रोत साधनको परिचालन गर्ने ,

ख) विद्यालय प्रशासनको कामको रेखदेख गर्ने तथा विद्यालयको चल अचल सम्पतिको लगत राख्ने , राख्न लगाउने र सुरक्षा गर्ने ,

ग) विद्यालयको दैनिक पठन पाठन कार्य सुचारु भए नभएको अनुगमन गर्ने ,

घ) विद्यालयमा सञ्चालन हुने महत्वपूर्ण विषय का सन्दर्भमा वडा कार्यालय लगायत सम्बन्धित निकायमा समन्वय गर्ने,

ङ) विद्यालयमा कायम रहेका दरवन्दिहरुलाई तोकिए बमोजिम परिवर्तन गर्नु पर्ने भएमा त्यसको औचित्य सहित नगर शिक्षा समितिमा सिफारिस गर्ने ,

च) शिक्षक अभिभावक संघ गठन गर्ने,

छ) विद्यालय सञ्चालनको लागि श्रोत जुटाउनु पर्ने,

ज) तोकिए बमोजिम अन्य कार्य गर्ने ।

६) उपदफा (१) बमोजिम गठित विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा सदस्यहरुको योग्यता देहाय बमोजिम हुनेछ ।

क) नेपाली नागरिक हुनु पर्ने,

ख) १८ वर्ष उमेर पुरा भएको हुनु पर्ने,



खण्ड २ (संख्या ४८) वैशाख १० गते २०७६ साल

ग) अदालतवाट कुनै फौजदारी अभियोग अन्तर्गत कसुरदार नठहरिएको हुनु पर्ने,

घ) सरकारी बाँकी बक्यौता तिर्न बाँकी नरहेको हुनु पर्ने,

ङ) सरकारी जागिरमा बहाल नरहेको हुनु पर्ने,

च) सम्बन्धित शैक्षिक योग्यता उत्तिण गरेको हुनुपर्ने ।

माथि उपदफाहरुमा जेसुकै कुरा लेखिएको भएतापनि विद्यालय व्यवस्थापन समितिको अध्यक्ष को लागि मान्यताप्राप्त शिक्षण सँस्थावाट कम्तिमा माध्यमिक तह उत्तिण गरेको हुनु पर्नेछ ।

७) उपदफा (१) बमोजिम गठित विद्यालय व्यवस्थापन समितिको कार्यकाल तीन वर्षको हुनेछ ।

**२) संस्थागत विद्यालयको व्यवस्थापन समिति** : (१) नगरपालिकाभित्र स्थापना भएका संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नकालागि प्रत्येक विद्यालयमा देहाएका बमोजिमको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

क) सम्बन्धित विद्यालयको सिफारिसमा नगर शिक्षा कार्यालयवाट मनोनित भएको व्यक्ति - अध्यक्ष

ख) अभिभावकहरु मध्येवाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एक जना- सदस्य

ग) स्थानीय शिक्षा प्रेमी तथा बुद्धिजिवी मध्येवाट वडा समितिले सिफारिस गरी नगर शिक्षा समितिले एकमहिला सहित दुई जना - सदस्य

घ) नगर शिक्षा अधिकारीले तोकेको सो कार्यालयको प्रतिनिधि एक जना - सदस्य

ङ) विद्यालयका शिक्षकहरु मध्येवाट आफुले छानेर पठाएको एक जना - सदस्य

च) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

२) उपदफा (१) को खण्ड (क) बमोजिम अध्यक्ष सिफारिस गर्दा सम्बन्धित विद्यालय कम्पनी अर्न्तगत भए त्यसको सेयर सदस्य र सहकारी अन्तर्गत भए सो सहकारीको सेयर सदस्यमध्येवाट सिफारिस गर्नु पर्नेछ ।

३) सँस्थागत विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ,

क) विद्यालयको लागि आवश्यक भौतिक पूर्वाधारहरुको व्यवस्था गर्ने,

ख) अनुभवी दक्ष र अध्यापन अनुमतिपत्र प्राप्त शिक्षक पदको लागि योग्य व्यक्तिलाई शिक्षक पदमा नियूक्त गर्ने ,

ग) व्यवस्थापन समितिले नियूक्ति गरेको शिक्षक कर्मचारीहरुलाई नेपाल सरकारले तोकेको न्यूनतम तलव दिने ,

घ) विद्यालयले व्यवस्थापन समितिले निर्धारण गरेको शैक्षिक शूल्क शैक्षिक शत्र शुरु हुनू भन्दा दुई महिना अगावै प्रस्ताव गरी नगर शिक्षा कार्यालयमा पेश गर्ने,

ङ) अन्य तोकिए बमोजिम कार्य गर्ने ।

४) दफा ७ (१) र दफा ७ (२) बमोजिम गठित समितिका अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

५) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको हकमा तोकिए बमोजिम हुनेछ ।

**८. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने** : (१) कुनै विद्यालयको व्यवस्थापन समिति पदिय आचरण अनुसार काम नगरेमा, तोकिएको जिम्मेवारी पुरा नगरेमा सम्बन्धित वडा समितिको सिफारिसमा नगर शिक्षा समितिले छानविन गरी सो सिफारिस प्रमाणित हुन गएको खण्डमा तथा बहुमत सदस्यले राजिनामा दिएको खण्डमा सो विद्यालयको व्यवस्थापन समिति नगर शिक्षा समितिले विघठन गर्न सक्नेछ। यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघठन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नहुँदासम्म वा अन्य कुनै कारणवाट विद्यालय व्यवस्थापन समिति गठन नहुँदासम्मको लागि तीन महिना भित्र नयाँ विद्यालय व्यवस्थापन समिति गठन गर्ने गरी त्यस्तो समितिको काम गर्न नगर शिक्षा समितिले तिन सदस्यीय अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ।

## परिच्छेद -३

## विद्यालय स्थापना, कक्षा थप, पूर्वाधार, समायोजन र बन्दतथा सिप सिकाई केन्द स्थापना सम्बन्धि व्यवस्था

**९.विद्यालय खोल्न वा कक्षा थप गर्न अनुमति लिनु पर्ने :** (१) नगरपालिकाभित्र कसैले विद्यालय खोल्न चाहेमा वा कक्षा थप गर्न चाहेमा तोकिएको पूर्वाधार पूरा गरी वडा समितिको सिफारिस सहित शैक्षिक शत्र शुरु हुनु भन्दा चार महिना अगावै नगर शिक्षा कार्यालयमा निवेदन दर्ता गर्नु पर्ने छ।

(२) उपदफा (१) बमोजिम नगर शिक्षा कार्यालयमा निवेदन दर्ता हुन आएमा निवेदन उपर नगर शिक्षा कार्यालयले आवश्यक जाँचबुझ गरी संघिय तथा प्रदेश कानून र नगरपालिकाले तोकेको शर्तको अधिनमा
रही नगर शिक्षा समितिको निर्णयानुसार तोकिएको अधिकारीले अनुमति दिनेछ।

(३) यो दफा प्रारम्भ हुँदाका वखत कम्पनीको रुपमा सञ्चालित विद्यालयले कम्पनी खारेज गरी संघिय र प्रादेशिक कानूनमा भएको व्यवस्था अनुसार शैक्षिक गुठी वा सहकारी विद्यालयका रुपमा रुपान्तरण गर्न सक्ने छ।

(४) उपदफा (२) र (३) मा जुनसूकै कुरा लेखिएको भएतापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रुपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृतिको लागि सिफारिस गरिने छैन।

क) सार्वजनिक भवन वा जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

ख) कुनै व्यक्ति वा संस्थाले दान दातव्य दिएको भवन वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय।

(५) संघिय तथा प्रदेश कानूनमा अन्यथा व्यवस्था भए बाहेक यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएतापनि गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम हुनु पर्नेछ,

क) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तिमा पाँच जना र नीजि गुठीमा भए कम्तिमा तीन जना भएको संगठित सँस्था हुनु पर्ने,

ख) शैक्षिक गुठीको आय व्यायको स्रेस्ता तोकिए बमोजिम तयार गरी मान्यताप्राप्त लेखा परिक्षकवाट लेखापरिक्षण गराउनु पर्ने,

ग) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रुपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछ। तर सार्वजनिक शैक्षिक गुठी को हकमा त्यस्तो उत्तराधिकारी तोक्दा संघिय र प्रदेश कानूनमा अन्यथा व्यवस्था भएको मा बाहेक नगरपालिकाको स्वीकृती लिनु पर्नेछ।

**१०. विद्यालय खोल्नका लागि पूर्वाधार पूरा गर्नु पर्ने :** (१) सामुदायिक तथा संस्थागतविद्यालय खोल्दा पूरा गर्नुपर्ने पूर्वाधारहरु पूर्णरुपमा पुरा गरेको हुनु पर्ने छ। अन्यथा पूर्वाधार पुरा नभएको अवस्थामा अनुमति दिईने छैन।

(२) यो ऐन जारी हुँदा सञ्चालनमा रहेका सँस्थागत विद्यालयहरुको पूर्वाधार तोकिएको अवधिभित्र पुरा गर्नु पर्ने छ र सो दायित्व सम्बन्धित विद्यालयको हुनेछ।

(३) सामुदायिक विद्यालयको पूर्वाधार विकास गर्ने वा सहयोग गर्ने दायित्व संघ, प्रदेश र स्थानी





तहको हुनेछ।

**११. नगरपालिकाले विद्यालय सार्न, गाभ्न वा नाम परिवर्तन गर्न सक्ने :** नगरपालिका भित्र विद्यालयलाई सम्बन्धित वडाको सिफारिसमा आवश्यकताका आधारमा जाँचबुझ गरी देहाय बमोजिम नगरपालिकाले गाभ्न, सार्न वा नाम परिवर्तन गर्न सक्नेछ।

क) दुई वा सो भन्दा बढि विद्यालयहरुको बीचको पैदल दुरी आवागमनमा ३० मिनेट मात्र लाग्ने भए मा वा विद्यार्थी को सँख्यालाई मध्ये नजर गरी दुई वा सो भन्दा बढि विद्यालय व्यवस्थापन समितिले आपसमा गाभेर सञ्चालन गर्ने निर्णयका साथ वडा समितिको सिफारिस साथ नगर शिक्षा समितिमा पेश गरेमा,

ख) नगरपालिकाले तोकिएको शर्त पूरा गर्ने कुनै विद्यालयलाई एक स्थानवाट अर्को स्थानमा सार्न वा विद्यालयको नाम परिवर्तन गर्न अनुमति वा स्वीकृति दिन सक्नेछ।

ग) कुनै विद्यालयमा संघ, प्रदेश वा नगरपालिकाको कानून अनुसार विधार्थी संख्या कम भएका खण्ड मा वा नगरपालिकाले दफा १२ बमोजिम विद्यालयमा विधार्थी को अध्यायन गर्ने व्यवस्था मिलाएमा विद्यालय बन्द गर्न वा तह झार्न सक्नेछ।

**१२.आवाशिय विद्यालय सञ्चालन गर्न सक्ने :** नगरपालिकाले नगर क्षेत्र भित्रका कुनै पनि तोकिएको विद्यालयमा स्थापना हुने गरी देहाय बमोजिमको अवस्थामा निशुल्क आवाशिय सेवा सुविधा सहितको आधारभुत विद्यालय शिक्षा सञ्चालन गर्न सक्ने छ।

क) दफा ११ को (ग) बमोजिम कुनै विद्यालय अर्को विद्यालयमा गाभिएको अवस्थामा,

ख) नगरक्षेत्र भित्र रहेका टुहुरा, अति विपन्न वर्गका, अपाङ्ग, अति विकट क्षेत्रमा रही बिद्यालयको पहुँच भन्दा बाहिर रहेका लक्षित उमेरसमुहका बालबालिकाहरु छनौट गरेको अवस्थामा।

**१३. ठूला विद्यालय सञ्चालन अनुमति दिन सक्ने :** (१) नगरपालिकाले हाल सञ्चालनमा रहेका कुनै विद्यालयले दफा १० मा उल्लेखित पूर्वाधारका अतिरिक्त निम्न बमोजिमका पूर्वाधारहरु पुरा गरेमा ठुला विद्यालयको रुपमा सञ्चालनको स्वीकृति दिन सक्ने छ।

क) एक हजार भन्दा बढि विद्यार्थी संख्या भएको विद्यालय,

ख) तहगत र विषयगत दरबन्दि भएको,

ग) आधारभुत तहको परीक्षामा तोकिएको स्तर कायम गरेको वा माध्यामिक र प्रवेशिका परीक्षामा राष्ट्रिय स्तरको नतिजा वा त्यो भन्दा उच्च नतिजा कायम गरेको।

(२) दफा १३ बमोजिम स्वीकृत विद्यालयहरुको कक्षा कोठा, प्रयोगशाला, छात्राबास सञ्चालनको लागि संघ, प्रदेश र नगरपालिकाले थप लगानी गर्नुपर्नेछ र यसरी थप लगानी पाउने विद्यालयको आन्तरिक लेखा परिक्षण नगर कार्यपालिकाले गर्नेछ।

**१४. सामुदायिक सीप सिकाई केन्द्र सञ्चालन गर्न सक्ने :** (१) नगरपालिकाले युवा जनशक्तिलाई स्वरोजगार बनाउने र शिक्षालाई उत्पादनका साधनसँग जोड्ने नीति अनुरुप पायक पर्ने दुई वा सो भन्दा वढि विद्यालयहरुमा विभिन्न खाले आय आर्जनमा महत्वपूर्ण भुमिका निर्वाह गर्ने विषय हरु छनौट गरी सीप सिकाई केन्द्रको स्वीकृति दिन सक्नेछ।

(२) सीप सिकाई केन्द्र सञ्चालनका लागि तोकिएको मापदण्डमा रही नगरपालिकाले अनुदान रकमको व्यवस्था गर्नु पर्ने छ।

**१५. शिसु स्याहार, वालविकास केन्द्र र विशेष शिक्षा सम्बन्धि व्यवस्था :** (१) नगरपालिकाले तीन वर्ष

सम्मका देखि पाँच वर्ष मुनीका बालबालिकाहरुका लागि नगर क्षेत्र भित्र विभिन्न स्थानमा शिसु स्याहार र वालविकास केन्द्र सञ्चालन गर्न सक्नेछ ।

(२) सामुदायिक वालविकास केन्द्र नजिकको विद्यालयलाई जिम्मेवार बनाई तोकिए बमोजिम सञ्चालन गरिनेछ ।

(३) नगरपालिकाले नगर क्षेत्र भित्र शिक्षा सम्वन्धि विविध आवश्यकता पुरा गर्न आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा , समावेसी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा , दुर र खुल्ला शिक्षा तथा व्यवशायिक तालिमको व्यवस्था गर्न सक्नेछ ।

(४) शिसु स्याहार, वालविकास केन्द्र तथा विशेष कक्षा सञ्चालका लागि आवश्यक कर्मचारी वडा समितिको सिफारिसमा नगर शिक्षा कार्यालयले तोकिए बमोजिम गर्नेछ ।

## परिच्छेद -४

## पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण भाषा, परीक्षा सञ्चालन तथा विद्यालय क्लस्टर सम्बन्धि व्यवस्था

१६. **पाठ्यक्रम तथा पाठ्यपुस्तक सम्बन्धि व्यवस्था** : (१) सबै विद्यालयहरुले संघिय र प्रादेशिक कानून बमोजिम का पाठ्यक्रम र पाठ्यपुस्तक सहित स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकहरु अध्यापन गराउनु पर्ने छ ।

(२) नगरपालिकाले अभिभावकहरुलाई समेत आफ्ना बालबालिकाहरु प्रति जवाफदेही बनाउन अनिवार्य रुपमा तोकिए बमोजिम अभिभावक शिक्षा माला लागु गर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम पाठयपुस्तकको उपलब्धता भए नभएको र अभिभावक शिक्षा माला का विषयमा निरन्तर अनुगमन गर्न तोकिए बमोजिम एक नगर स्तरीय अनुगमन समिति गठन गरिनेछ ।

(४) कुनै विद्यालयले थप पाठ्यसामाग्री र पाठ्यपुस्तक अध्यापन गराउन चाहेमा पाठ्यक्रम विकास केन्द्रमा सूचीकृत पाठ्यक्रम वा पाठ्यपुस्तक प्रयोग र ऐच्छिक विषय अध्यापनको लागि स्थानीय शिक्षा अधिकारी वाट स्वीकृत लिनु पर्ने छ ।

१७. **शिक्षण भाषाको माध्यम** : विद्यालयमा शिक्षाको भाषा माध्यम नेपाली र अंग्रजी दुवै भाषा हुन सक्नेछ। तर देहायको अवस्थामा भाषाको माध्यम देहाय बमोजिम हुनेछ :,

क) प्राथिमक शिक्षा (१-५) सम्म विद्यार्थीको संख्यालाई मध्येनजर गरी मातृभाषामा दिन सकिनेछ ,

ख) भाषा विषय अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ,

ग) शिक्षाको भाषा माध्यम सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१८. **परीक्षा सञ्चालन सम्बन्धि व्यवस्था** : (१) माध्यामिक तह (कक्षा १० -१२) को परीक्षा संघिय र प्रादेशिक कानून बमोजिम सञ्चालन हुनेछ ।

(२) आधारभुत शिक्षा उत्तिण परीक्षा र कक्षा ५ को अन्तिम परीक्षा तोकिए बमोजिमको परीक्षा समितिवाट नगरस्तरमा सञ्चालन हुनेछ ।

(३) परीक्षा सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१९. **विद्यालय क्लस्टर सम्बन्धि व्यवस्था** : (१) नगरपालिकाको सबै वडाहरुमा सञ्चालित सामुदायिक विद्यालयहरुमा भुगोलको आधारमा प्रत्येक वडामा एक वा सो भन्दा बढि विद्यालय क्लस्टरको स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय क्लस्टरको सञ्चालन र रेखदेख गर्न सम्बन्धित वार्ड अध्यक्षको संयोजकत्वमा देहाय बमोजिमको एक समिति गठन गरिनेछ ।



खण्ड २ (संख्या ४८) वैशाख १० गते २०७६ साल

क) सम्बन्धित वडाको वडा अध्यक्ष एक जना - संयोजक

ख)सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मध्ये वाट एक जना- सदस्य

ग) वडा भित्र रहेका सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरु (एक महिला शिक्षक सहित)दुई जना- सदस्य

घ) सबै विद्यालयका प्र.अ. मध्येवाट एक जना - सदस्य सचिव

(३) उपदफा (२) बमोजिम गठित समितिको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(४) विद्यालय क्लस्टर समितिको कार्यकाल दुई वर्षको हुनेछ ।

## परिच्छेद -५

## अनिवार्य तथा निशुल्क शिक्षा, विद्यार्थी सहायता तथा छात्रबृत्ति सम्बन्धि व्यवस्था

२०. **अनिवार्य, निशुल्क आधारभुत शिक्षा सम्बन्धि व्यवस्था** : (१) नगरपालिकाका सबै सामुदायिक विद्यालयहरुमा लक्षित उमेर समुहका सबै बालबालिकाहरुलाई तोकिए बमोजिम निशुल्क शिक्षा उपलब्ध हुनेछ ।

(२) माध्यामिक शिक्षा (कक्षा ११-१२) को हकमा संघ तथा प्रदेश कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

(३) निशुल्क र अनिवार्य शिक्षा उपलब्ध हुने उमेर समुहका बालबालिकाहरुलाई विद्यालयमा नपठाउने वा बालश्रममा लगाउने अभिभावकलाई दफा ३३ (३) बमोजिम कारवाही गरिनेछ ।

(४) उपदफा (१) विपरित कुनै विद्यालयले शुल्क लिएमा त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गराई विद्यालय व्यवस्थापन समितिलाई नगर शिक्षा अधिकारीले सचेत गराउने तथा सो विद्यालय को प्रधानाध्यापकलाई विभागिय कारवाही गर्न सक्नेछ ।

(५) दफा (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै अभिभावकले आफ्नो स्वइच्छाले दिने दान, उपहार, चन्दा वा सहयोग आदी विद्यालयले लिन बाधा पुग्ने छैन ।

२१. **विद्यार्थी सहायता तथा छात्रवृत्तिको व्यवस्था गर्न सक्ने** : (१) नगरपालिकाले सामुदायिक विद्यालयमा भर्ना हुने गरीव जेहेन्दार र विपन्न वर्गका विद्यार्थी तथा माध्यामिक शिक्षा (१०-१२) विशिष्ट श्रेणी वा सो सरह ल्याई उत्तिण हुने विद्यार्थीलाई उच्च शिक्षा अध्यायनको लागि समेत अर्थिक सहायता तथा छात्रवृत्तिको व्यवस्था तोकिएको कार्यविधि बोजिम उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्ति सम्बन्धि व्यवस्था नगर शिक्षा समितिले गरेको निर्णय बमोजिम हुनेछ । छात्रवृत्ति प्रदान गर्दा गरिव जेहेन्दार, दलित, महिला र जनजातीलाई विशेष प्राथमिकता दिनु पर्नेछ ।

(३) नगरको कला, संस्कृति, इतिहास, कृषि, बन, जल तथा स्वरोजगार सृजना हुने क्रियाकलापहरुको विषयमा अध्यायन र अनुसन्धान गर्ने छात्रछात्राहरुको लागि विशेष छात्रबृत्तिको व्यवस्था गर्नु पर्नेछ ।

२२. **संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने** : संस्थागत विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्या को कम्तिमा दश प्रतिशत नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्गता भएका, महिला, दलित,जनजाती, अल्पसंख्यक तथा अन्य समुदायका विद्यार्थीहरुलाई छात्रवृत्ति अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थीको छनौट गर्दा विद्यालयको प्रधानाध्यापकको संयोजकत्वमा नगरपालिकाको प्रतिनिधि र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावकको

प्रतिनिधित्व रहेको तीन सदस्यीय एक छात्रवृत्ति छनौट समिति गठन हुनेछ र सो समितिले छनौटका लागि आधार, शर्त र प्रकृया तयार गरी सार्वजनिक गर्नु पर्ने छ ।

(३) माथि जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिकाले थप कार्यविधि बनाई प्रत्येक विद्यालयलाई छात्रवृत्ति कोटा तोकी निर्दिष्ट प्रकृया मार्फत परीक्षाका माध्यमवाट छात्रवृत्तिमा अध्यायन गर्ने विद्यार्थी आफै छनौट वा सिफारिस गर्न सक्नेछ र यसरी छनौट भएका विद्यार्थीहरुलाई निशुल्क अध्यायन गराउनु विद्यालयको दायित्व हुनेछ ।

(४) उपदफा (१) बमोजिम निर्धारण भएको छात्रवृत्ति कोटा बराबरको रकम नगरपालिकाले सम्बन्धित विद्यालयलाई नगर शिक्षा समितिमा जम्मा गर्ने गरी तोक्न सक्नेछ र यसरी तोकिएको रकम कार्यविधि बनाई नगरपालिकाले दफा (१२) बमोजिम सञ्चालन भएका आवाशिय विद्यालयमा अध्यायनरत विपन्न र लक्षित वर्गका छात्र छात्राहरुको लागि खर्च गर्न सक्नेछ ।

## परिच्छेद - ६

## प्रोत्साहन र दण्ड सजाय सम्बन्धि व्यवस्था

२३. **प्रोत्साहान सम्बन्धि व्यवस्था** : (१) नगरपालिकाले आफ्नो नगरक्षेत्र भित्र अध्यापन गर्ने शिक्षक तथा कार्यरत कर्मचारीहरुलाई उनीहरुको कार्यकुशलता, इमान्दारिता, लगनशिलता र नियमितताको विशिष्ट मुल्याङ्कन गरी प्रोत्साहान स्वरुप प्रोत्साहान भत्ता उपलब्ध गराउन सक्नेछ । त्यस्तो भत्ता सम्बन्धि व्यवस्था नगरपालिकाले आवश्यक कार्यविधि बनाई लागु गर्नेछ ।

(२) नगरपालिकाले नगर भित्र शिक्षा क्षेत्रमा उल्लेखनीय भुमीका निर्वाह गरेको व्यक्तिलाई नगर शिक्षा पुरस्कारवाट सम्मानित गरिनेछ ।

२४. **दण्ड सजाय सम्बन्धि व्यवस्था** : (१) कसैले विद्यालयको सम्पति हिनामिना वा नोक्सानी गरेमा त्यस्तो व्यक्तिलाई संघ र प्रदेश कानूनमा उल्लेख भए बमोजिम विगो असुल गरी विगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) उपदफा (१) मा भएको व्यवस्थाका अतिरिक्त नगरपालिकाले पनि उपदफा (१) बमोजिम कसुर गर्ने व्यक्तिलाई तोकिएको कार्यविधि बमोजिम कारवाही गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) देखि बाहेक विद्यालयको कुनै शिक्षक वा कर्मचारी विद्यालयमा निरन्तर ७ दिन सम्म सम्बन्धित निकायमा जानकारी नगराई अनुपस्थित भएमा, मदिराजन्य पदार्थ सेवन गरी विद्यालय हाताभित्र प्रवेश गरेमा, दैनिक पाठयोजना नबनाई अध्यापन गर्ने जस्ता आदी कार्य गरेमा नगरपालिकाले त्यस्तो कार्य गर्ने शिक्षक वा कर्मचारीले खाईपाई आएको तलववाट कट्टा हुने गरी आर्थिक जरिवाना तथा तोकिए बमोजिम अन्य विभागिय सजाय गर्न सक्नेछ ।

(४) यस दफामा उल्लेख भए बमोजिम कुने शिक्षक वा कर्मचारी उपर तोकिएको अधिकारीले गरेको सजाय आदेश उपर चित्त नबुझेमा कानून बमोजिम ३५ दिन भित्र पुनरावेदन लाग्नेछ ।

(५) सम्पति सम्बन्धि मुद्धाको तहकिकात र दायरी संघिय, प्रादेशिक र स्थानीय कानून बमोजिम हुनेछ ।

## परिच्छेद -७

## विद्यालयको सम्पति तथा सम्पति संरक्षण सम्बन्धि व्यवस्था

२५. **विद्यालयको सम्पति** : (१) प्रत्येक विद्यालयको आफ्नो नाममा रहेको सम्पति सार्वजनिक सम्पति हनेछ र सो सम्पतिको सुरक्षा गर्ने प्रमुख दायित्व व्यवस्थापन समिति र प्रधानाध्यापकको हुनेछ ।

(२) दफा (११) बमोजिम कुनै विद्यालय अर्को विद्यालयमा गाभिएमा त्यस्तो गाभिएको विद्यालयको नाममा रहेको सम्पति नगरपालिकाले गाभिएको विद्यालयको कोषमा,अन्य विद्यालय, बालबिकास





केन्द्र,सामुदायिक सिप सिकाई केन्द्र, पुस्तकालय वा अन्य सामुदायिक हितका कार्यमा प्रयोग गर्न सक्नेछ । यसरी प्रयोगमा नआउने भएमा प्रचलित कानून बमोजिम बेचविखन गरी प्राप्त भएको रकम नगर शिक्षा कोषमा जम्मा गर्न सक्नेछ ।

(३) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पति सोही विद्यालयको नाममा रहनेछ । तर कुनै विद्यालय सार्वजनिक गुठीको रुपमा सञ्चालन भएकोमा त्यस्तो विद्यालयको सम्पतिलाई सार्वजनिक सम्पति मानिनेछ र त्यस्तो सम्पतिको स्वरुप परिवर्तन गर्न पाईने छैन ।

(४)कम्पनी र सहकारी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पति सोही कम्पनी वा सहकारीको नाममा रहनेछ ।

(५) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग चल अचल सम्पति दान दातव्यको रुपमा प्राप्त गर्नु अघि नगरपालिकाको अनुमति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संस्थावाट चल अचल सम्पति प्राप्त गर्नु अघि संघिय कानून बमोजिम नेपाल सरकारवाट अनुमति लिनु पर्ने छ । यसरी प्रकृया नपुगी प्राप्त गरेको सम्पति स्वत: नगरपालिकाको हुनेछ । नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पति नेपाल सरकारको स्वीकृति बेगर बेचविखन गर्न पाईने छैन ।

२६. **विद्यालयको सम्पति संरक्षण सम्बन्धि समिति गठन हुने** : (१)सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पतिको संरक्षण तथा संस्थागत विद्यालयको सम्पतिको शैक्षिक प्रयोजनार्थ उपयोगको सम्बन्धमा कार्य गर्नको लागि देहाय बमोजिमको एक नगरस्तरी विद्यालय सम्पति संरक्षण समिति गठन हुनेछ :,

| | |
|---|---|
| क) नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत - | संयोजक |
| ख) मालपोत वा नापी प्रशासन सम्बन्धि काम गर्ने कर्मचारी- | सदस्य |
| ग) नगरकार्यपालिका सदस्य (एक महिला सहित) दुई जना - | सदस्य |
| घ) स्थानीय शिक्षा अधिकारी - | सदस्य सचिव |

(२) कुनै विद्यालयको सम्पति सम्बन्धि विषयमा छलफल गर्न आयोजित बैठकमा सो विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षलाई आमन्त्रित सदस्यको रुपमा सहभागी गराउन सकिने छ ।

(३) समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -८

## विद्यालयको शुल्क निर्धारण सम्बन्धि व्यवस्था

२७. **संस्थागत र सहकारी विद्यालयको शुल्क निर्धारण सम्बन्धि व्यवस्था** : (१) संस्थागत र सहकारी विद्यालयहरुले विद्यार्थीहरु बाट लिन पाउने विद्यालय शुल्कलाई व्यवस्थीत तथा मर्यादित बनाउन तोकिए बमोजिम शुल्क निर्धारण गर्न देहाय बमोजिमको शुल्क निर्धारण समिति गठन हुनेछ ।

| | |
|---|---|
| क) नगर प्रमुख वा निजले काम गर्न तोकेको व्यक्ति - | अध्यक्ष |
| ख)सामाजिक विकास समितिको संयोजक - | सदस्य |
| ग) प्रमुख प्रशासकिय अधिकृत - | सदस्य |
| घ) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापक मध्येवाट नगर शिक्षा समितिले मनोनित गरेको एक जना - | सदस्य |
| ङ) अभिभावक संघ सम्बन्धित संगठनमध्येवाट नगर शिक्षा समितिले मनोनित | |

गरेको एक जना- सदस्य

च) नगर स्तरीय शिक्षक महासंघको प्रतिनिधि - सदस्य

च) स्थानीय शिक्षा अधिकारी - सदस्य सचिव

(२) शुल्क निर्धारण समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद -९

## विद्यालय शिक्षण सेवाको गठन तथा सञ्चालन, शिक्षक नियूक्ति , सरुवा तथा दरबन्दि मिलान र प्रधानाध्यपक, सहायक प्रधानाध्यापक र शिक्षक कर्मचारी सम्बन्धि व्यवस्था

२८. **शिक्षक तथा कर्मचारीहरुको सेवा शर्त सम्बन्धि व्यवस्था** : (१) शिक्षक तथा कर्मचारीहरुको सेवा शर्त सम्बन्धि (योग्यता, तह, श्रेणी विभाजन र अन्य सेवा सुविधा) व्यवस्था संघ तथा प्रदेश कानूनमा व्यवस्था भए बमोजिम हुनेछ। तर संघ र प्रदेश कानूनको अधिनमा रही नगरपालिकाले शिक्षकको सेवा शर्त सम्बन्धि थप व्यवस्था गर्न सक्नेछ।

(२) संघिय कानूनमा व्यवस्था भए बमोजिम नगरपालिकामा एक विद्यालय शिक्षण सेवाको गठन हुनेछ।

(३) शिक्षण सेवा शर्त सम्बन्धि अन्य व्यवस्था संघ तथा प्रदेश कानून बमोजिम हुनेछ।

२९. **शिक्षक नियुक्ति सम्बन्धि व्यवस्था** : (१) विद्यालयहरुमा स्वीकृत दरबन्दीमा स्थायी शिक्षकहरुको नियुक्ति संघिय कानून बमोजिम शिक्षक सेवा आयोगको सिफारिसमा नगर शिक्षा समितिको निर्णय अनुसार स्थानीय शिक्षा अधिकारीले गर्नेछ।

(२) विद्यालयमा रिक्त दरवन्दी तथा शिक्षक अनुदान कोटामा अस्थायी,राहात तथा करार नियुक्ति गर्न देहाय बमोजिमको नगर स्तरीय शिक्षक छनौट समिति हुनेछ र सो शिक्षक छनौट समितिको प्रशासनिक कार्य तथा जनशक्तिको व्यवस्थापन नगर शिक्षा कार्यालयले गर्ने छ।

क) नगर प्रमुखले मनोनित गरेको व्यक्ति - अध्यक्ष

ख)नगर शिक्षा समितिले मनोनित गरेको एकजना- सदस्य

ग) नगर शिक्षा अधिकारी- सदस्य सचिव

(३) नगर स्तरीय शिक्षक छनौट समितिको अध्यक्ष तथा सदस्यहरुको योग्यता देहाय अनुसार हुनु पर्ने छ।

क) शिक्षा, शिक्षण, प्रशासन र व्यवस्थापन क्षेत्रमा अधिकृतस्तरमा कम्तिमा दश वर्ष काम गरेको।

ख) नगर स्तरीय शिक्षक छनौट समितिका सदस्यहरुको योग्यता शिक्षा शास्त्र संकायमा स्नातकोत्तर गरेको हुनु पर्ने छ।

ग) कुनै पनि राजनीतिक दलमा सक्रिय सहभागी नभएको हुनुपर्ने छ,

घ) नैतिक पतन नभएको तथा कुनै फौंजदारी अभियोग नलागेको।

(४) छनौट समितिको सेवा, सुविधा, बैठक सम्बन्धि व्यवस्था कार्यविधिमा तोकिए बमोजिम हुनेछ।

(५) शिक्षक नियुक्ति सम्बन्धि अन्य प्रकृया संघिय तथा प्रदेश कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक नगरकार्यपालिकाले तोकेको कार्यविधि बमोजिम हुनेछ।

३०. **शिक्षक सरुवा सम्बन्धि व्यवस्था** : (१) नगरपालिकाभित्रका सामुदायिक विद्यालयहरुमा आधारभुत तह तथा माध्यामिक तहका शिक्षकहरुलाई सम्बन्धित विषय र तह तथा किसिमको दरवन्दिमा नगर शिक्षा समितिको निर्णय बमोजिम स्थानीय शिक्षा अधिकारीले नयाँ शैक्षिक शत्र शूरु हुनु





एक महिना अघि सरुवा गर्न सक्नेछ।

(२) संघिय तथा प्रदेश कानूनमा अन्यथा व्यवस्था भए बाहेक अन्तर स्थानीय तहमा सरुवा गर्दा देहाय बमोजिम गर्नु पर्नेछ।

क) दरबन्दिमा कार्यरत स्थायी शिक्षकलाई कार्यरत विद्यालयको व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपुग्ने गरी नगर शिक्षा कार्यालयले अर्को स्थानीय तहमा सरुवाको सहमति दिन सक्नेछ।

ख) अन्य स्थानीय तहका विद्यालयमा कार्यरत स्थायी शिक्षकले सरुवा भई चामुण्डा विन्द्रासैनी नगरपालिका भित्रका कुनै विद्यालयमा आउन चाहेमा कार्यरत विद्यालय रहेको स्थानीय तहको समेत सहमतिमा तोकिएको ढाँचामा निवेदन दिई आवश्यक प्रक्रिया पुरा गर्नु पर्ने छ।

ग) यो ऐन जारी हुनु भन्दा अघि देखि कार्यरत अस्थायी तथा करार शिक्षकहरुलाई अथवा थप अनुदानमा कार्यरत शिक्षकलाई सरुवा गर्दा सोही तह र दरवन्दिमा उपदफा (१) बमोजिम सरुवा गनुपर्ने छ।

घ) सेवा निवृत्त हुन एक वर्ष भन्दा कम सेवा अवधि बाँकी रहेका शिक्षकको सरुवा गरिने छैन।

ङ) शिक्षक सरुवा सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३१. **दरवन्दि मिलान सम्बन्धि व्यवस्था** : (१) अधारभुत तह अन्तर्गत प्राथमिक तहमा विद्यार्थी संख्या र सञ्चालित कक्षा तथा अन्य तहमा विद्यार्थी संख्या, सञ्चालित कक्षा (सेक्सन) र अध्यापन गरिने विषयको आधारलाई मध्येनजर गरी नगर शिक्षा समितिले दरबन्दी मिलान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम दरबन्दि मिलान गरिएको शिक्षकले पत्र पाएको मितिले २१ दिन भित्र रमाना लिई तोकिएको विद्यालयमा हाजिर भइ सक्नु पर्ने छ। यसरी हाजिर नहुने शिक्षक वा हाजिर नगराउने प्रधानाध्यापकलाई विभागीय कारवाही गरिनेछ।

३२. **प्रधानाध्यापक, सहायक प्रधानाध्यापक, शिक्षक तथा कर्मचारी सम्बन्धि व्यवस्था** : (१) प्रत्येक सामुदायिक विद्यालयमा एक जना प्रधानाध्यापक र संघ, प्रदेश र नगरपालिकाले स्वीकृत गरे बमोजिमको संख्यामा शिक्षक तथा कर्मचारीहरुको दरबन्दी रहनेछ। माध्यामिक विद्यालयको हकमा एकजना सहायक प्रधानाध्यापकको व्यवस्था गर्न सकिनेछ।

(२) सामुदायिक विद्यालयका प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार :,

क) विद्यालयको दैनिक प्रशासनिक कार्य कुशलता पूर्वक सञ्चालन गर्ने,

ख) विद्यालयमा शिक्षक विद्यार्थीकालागि अनुशासनका नियमहरु बनाई लागु गर्ने,

ग) शिक्षक तथा कर्मचारीहरुको दैनिक कार्यतालिका बनाई सो कार्यतालिका बमोजिम गर्ने गराउने,

घ) विद्यालयको शैक्षिक, भौतिक तथा अन्य अवस्थाको वारेमा मासिक प्रतिवेदन बनाई प्रत्येक महिनाको मसान्तमा नगर शिक्षा कार्यालयमा पेश गर्ने,

ङ) संघ तथा प्रदेश कानूनमा उल्लेखित कार्य गर्ने,

च) तोकिए बमोजिम अन्य काम गर्ने।

(३) प्रधानाध्यापक, सहायक प्रधानाध्यापक, शिक्षक तथा कर्मचारी सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद - १०

## अभिभावकको जिम्मेवारी,कर्तव्य र अधिकार सम्बन्धि व्यवस्था

३३. **अभिभावकको जिम्मेवारी** : (१) अभिभावकले आफ्ना बालबालिकाहरुलाई राष्ट्रकै दक्ष जनशक्तिको

रुपमा निर्माण गर्न विद्यालयमा पठाउने, सरसफाईमा दैनिक ध्यान दिने, स्वस्थ राख्ने, दैनिक हेरविचार गर्ने, विद्यालयमा आफ्ना बालबालिकाहरु विद्यालयमा गए नगएको, विद्यालयमा पढाई भएनभएको विषयमा जानकरी लिने, प्रधानाध्यापक तथा शिक्षकहरुसँग आफ्ना बालबालिकाहरुको वारेमा जानकारी लिने आदी कार्य अनिवार्य गर्नु गराउनु अभिभावकको जिम्मेवारी हुनेछ ।

(२) अभिभावकले नगरपालिकाद्धारा जारी भएको शिक्षामालामा उल्लेख भए बमोजिमका विषयहरु अनिवार्य रुपमा पालना गर्नु गराउनु पर्नेछ ।

(३) उपदफा (१) र (२) विपरित कार्य गर्ने अभिभावकलाई नगरपालिकाले नगरपालिकावाट प्रवाह हुने सेवा सुविधालाई निश्चित अवधिका लागि रोक्का गर्न सक्नेछ ।

३४. **अभिभावकको अधिकार र कर्तव्य** : विद्यालयमा आफ्ना बालबालिकालाई गुणस्तरीय अध्यापन गराउन शिक्षकहरुलाई रचनात्मक सुझाव तथा सल्लाह दिन पाउनु, गुणस्तरीय शिक्षाको लागि सम्बन्धित निकायमा आवाज उठाउनु , नगरपालिकाले लिएका शैक्षिक नीतिहरुलाई कार्यान्वयन गर्न गराउन सहयोग गर्नु, समावेशी तथा लैङ्गिकमैत्री विद्यालय वातावरणका लागि सुझाव दिनु अभिभावकका अधिकार तथा कर्तव्य हुनेछन् ।

## परिच्छेद- ११

## आर्थिक सहायता, प्रवन्ध र छुट सम्बन्धि व्यवस्था

३५. **नगर शिक्षा कोष सम्बन्धि व्यवस्था** : (१) नगरपालिकामा सामुदायिक विद्यालय सञ्चालन र व्यवस्थापनको लागि एक नगर स्तरीय नगर शिक्षा कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापित नगर शिक्षा कोषमा देहाय बमोजिम रकमहरु रहनेछन् ,

क) नेपाल सरकारवाट प्राप्त अनुदान रकम,

ख) प्रदेश सरकारवाट अनुदान प्राप्त रकम,

ग) नगरपालिकावाट प्राप्त अनुदान रकम,

घ) संस्थागत विद्यालयहरुको वार्षिक आम्दानीवाट प्राप्त तोकिएको रकम ,

ङ) सहकारी विद्यालयबाट प्राप्त हुने सो विद्यालयको कुल नाफाको तोकिएको रकम ,

च) चन्दावाट प्राप्त रकम,

छ) शिक्षा कर तथा अन्य स्रोत वाट प्राप्त रकम

## परिच्छेद -१२

## विविध व्यवस्था

३६. **अनुमति वा स्वीकृति रद्द गर्न सकिने** : कुनै संस्थागत विद्यालयले संघ, प्रदेश र नगर शिक्षा ऐन विपरित कार्य गरेमा तोकिएको अधिकारीको सिफारिसमा नगर शिक्षा समितिले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृती रद्ध गर्न सक्नेछ। तर त्यस्तो अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकावाट बन्चित गरिने छैन ।

३७. **विद्यालयलाई शान्ती तथा सुरक्षित क्षेत्र कायम गर्नु पर्ने** : (१) नगरपालिकाका सबै सामुदायिक विद्यालयहरुलाई स्वतन्त्र, भय रहित रुपमा अध्यायन गर्ने वातावरण सृजना गर्न विद्यालय भित्र कुनै पनि किसिमका अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई शान्ती तथा सुरक्षित क्षेत्र कयम गर्नु पर्ने छ ।

(२) प्रचलित कानूनमा व्यवस्था भए देखि बाहेक अन्य कुनै पनि अवस्थामा बालबालिकालाई विद्यालयवाट निष्काशन गर्न पाईने छैन ।



खण्ड २ (संख्या ४८) वैशाख १० गते २०७६ साल

(३) विद्यालयमा अध्यायनरत बालबालिकाहरुलाई कुनै पनि किसिमको शारिरिक वा मानसिक यातना दिन पाईने छैन ।

(४) विद्यालय हाताभित्र वा विद्यालयमा कुनै पनि होहल्ला हुनेगरी कुनै पनि किसिमका कार्यक्रम, राजनैतिक भेला, गोष्ठी वा अन्य कनै जमघटका कार्य गर्न पाईने छैन ।

(५) बालबालिकालाई बालबालिकासँग सम्बन्धित कार्यक्रम बाहेक अन्य कुनै जुलुस, प्रदर्शन जस्ता गतिविधिहरुमा सहभागी गराउन पाईने छैन ।

(६) उपदफा (१) बमोजिम शान्ती तथा सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने अन्य शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

३८. **शैक्षिक परामर्स सेवा , विद्यालय बाहिरको शिक्षण वा अन्य शैक्षिक कार्यक्रम सञ्चालन सम्बन्धि व्यवस्था** : (१) नगरपालिकामा शैक्षिक परामर्स सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा ट्यूशन कक्षा, कोचिङ क्लास वा परीक्षा तयारी कक्षाको अनुमति लिने सम्बन्धि व्यवस्था तोकिए बमोजिम अनुमति लिई गर्न सकिनेछ ।

(२) विदेशी मुलुकको कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्दा संघिय कानूनमा व्यवस्था भए बमोजिम गर्नुपर्ने छ ।

३९. **प्रगति विवरण बुझाउनु पर्ने** : प्रत्येक विद्यालयले प्रत्येक शैक्षिक सत्र सकिएको एक महिना भित्र तोकिए बमोजिमको विवरणहरु समावेश गरि वार्षिक प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ ।

४०. **संस्थागत विद्यालयको हकमा लागु नहुने** : यस ऐनको दफा (२७), (२८), (२९), (३०) र (३१) संस्थागत विद्यालयको हकमा लागु हुने छैन ।

४१. **नियम, निर्देशिका तथा कार्यविधि बनाई लागु गर्न सकिने** : यस ऐनको उद्धेश्य कार्यान्वयन गर्न नगरपाकिले यस ऐनको परिधिभित्र रहि आवश्यकताको आधारमा विभिन्न नियम, निर्देशिका र कार्यविधिहरु बनाई लागु गर्न सकिनेछ ।

४२. **स्वतः खारेज हुने** : यो ऐन तथा यसका दफा संघ तथा प्रदेश कानून सँग बाझिएको खण्डमा स्वतः खारेज हुनेछ ।

४३. **संशोधन गर्न सकिने** : यस एनमा कुनै संशोधन गर्नु परेमा नगरसभाले आवश्यक संसोधन गर्न सक्नेछ ।

४४. **बचाउ** : (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम, निर्देशिका र कार्यविधिमा व्यवस्था भएका जति कुरामा यसै बमोजिम र यसमा नलेखिएका कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पति हिना मिना गरेको कसुरमा भ्रष्टचार निवारण ऐन , २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

**आज्ञाले**

**तिलक वि.क**

**निमित्त प्रमुख प्रशासकीय अधिकृत**

**प्रमाणिकरण मिति** : २०७५/१२/२९